नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड (MAKAR) को साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०१/२१ का दिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड (नेप्से सिम्बोल MAKAR) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ७६,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष प्रभु क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुमा वितरण गरिएको ७,६०,००० कित्ता (१०%), सर्वसाधारण लगानीकर्ता शेयरधनीहरुमा वितरण गरिएको (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) १५,२०,००० कित्ता (२०%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ५३,२०,००० कित्ता (७०%) शेयर (धितोपत्र) समेत गरी जम्मा ७६,००,००० कित्ता (१००%) साधारण शेयर वितरण भई धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०१/२० गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०८०/०१/२१ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, त्रिपुरेश्वर रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०८०/०१/२१

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
स्टक
काठमाडौं
२०५०